परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक १ २०८१ श्रावण ६ आईतवार Sunday 21, JULY 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## डाक्टर पति र उनका परिवारले यातना दिएको, पत्नी सुनिताको आरोप

विराटनगर । मोरंगको धनपालथान गाउँपालिका वडा नं. २ पैटाटोल घर भई हाल विराटनगर महानगरपालिका वडा नं. ११ जनपथ टोलमा बस्ने डाक्टर श्याम साह र उनका परिवारले आफुलाई बारम्बार यातना दिएको उनकी श्रीमति सुनिता साहले आरोप लगाएकी छिन् ।

नेपाल पत्रकार महासंघको सभाहलमा शुक्रवार पत्रकार सम्मलन गरी डाक्टर साहकी श्रीमति सुनिता साहले सो आरोप लगाएकी हुन् । उनले भनिन श्रीमान डाक्टर साहले विवाह पश्चात बसेको पहिलो गर्भ जवरजस्ती औषधी खुवाएर एभर्सन गर्न लगाए ।


डाक्टर श्याम साह


पिडित सुनिता साह

एभर्सन गर्न नमान्दा कुटपीट गर्ने यातना दिने दाजु र भाउजुहरुद्धारा दवाव श्रृजना गर्ने लगायतका कार्य गर्दै आएका थिए । त्यसको यातना सहेर पनि त्यही घरमा वसे श्रीमान डाक्टर साहवाट अर्को गर्भ बस्यो त्यसवाट छोरीको जन्म भएको छ । अहिले छोरी सिवाङ्गी ६ वर्षकी छिन् । त्यस पछि पनि तिमीलाई छोरी मात्रै हुन्छ भनेर यातना दिने गरेकै कारण दुईवटा एभर्सन पति डाक्टर साहले जवरजस्ती गराएको सुनिता साहको आरोप छ ।

अहिले आएर अन्य महिलासंग अनैतिक सम्बन्ध भएकै कारण मलाई कुटपिट गर्ने, खान लाउन नदिने, छोरीलाई न हेर्ने म माथि घरेलु हिन्सा पति डाक्टर साहले गर्दै आएको आरोप पनि पत्नी सुनिता साहले लगाएकी छिन् ।

डाक्टर श्यामप्रसाद साहले २०७३ साल जेठ ८ गते भारतको उत्तर प्रदेशकी सुनिता साहलाई समाजिक परम्परा अनुसार विवाह गरी जीवन संगिनी बनाएका थिए ।

उक्त विवाह साधी डटकम भन्ने म्याट्रीमोनियल साइडबाट सुनिता र श्यामबीच सम्पर्क भई

वांकी अन्तिम पेजमा...

## हिमगिरीको ब्राण्ड एम्बेसेडरमा महजोडी

विराटनगर । औद्योगिक नगरी विराटनगरमा संचालनमा रहेको हिमगिरी हाइजिनिङ्ग प्रालिले आफ्नो उत्पादनको प्रवर्द्धन प्रचार प्रसारका लागि मदनकृष्ण श्रेष्ठ र हरिवंश आर्चाय (मह) को जोडीलाई ब्राण्ड एमबेसेडर नियुक्त गरेका छन् ।

शनिवार विराटनगरको एक कार्यक्रमका बीच हास्यकलाकार मह जोडी र हिमगिरी हाइजिनका अध्यक्ष उवं उद्योगी महेश जाजु बीच सम्झौता पत्रमा हस्ताक्षर गरी अदालन प्रदान गरिएको हो ।

उक्त कार्यक्रममा हास्यकलाकार हरिवंश आचार्यले भने नेपालमा राजनीति उद्योग मात्र फस्टाएको छ । राजनीतिक उद्योगले व्यक्ति मात्र धनी हुने भनेको भन्दै नेपालमा उद्योगको अहिले पनि कमी रहेको वताए । देश गरी भएपछि सबै जनता अरबपति हुन्छ किन भने सवैको छोराछोरी अरबतिर कमाउन जान्छ भनेर नेपालीहरु अरब पति भएको व्यङ्ग्य गरेका थिए ।

त्यसैगरी हास्यकलाकार मदन कृष्ण श्रेष्ठले पहिले पहिले कलाकारहरुले समाजिक कार्यमा मात्र लागेका थिए । भारतीय कलाकार अमितावच्चनले आफ्नो देशको उत्पानलाई प्रवर्द्धनको लागि प्रचार प्रसार गरेको हेरेर हामी पनि नेपालमा उत्पादित बस्तुको प्रवर्द्धन र प्रचार प्रसार गर्न लागेको वताए । कम्पनीले उत्पादित बस्तुको गुणस्तरमा कुनै कमी गरे सम्झौता रद्द गर्ने वताए ।

हिमगिरीको मात्र प्रवर्द्धन नगरेर विराटनगरकै उद्योगिहरुवाट उत्पादीत जेजे ज्वेलर्स, मार्वल, पाईप र बाबा आयलमा समेत

वांकी अन्तिम पेजमा...

## उच्च अदालत विराटनगरबाट ३२ सय ५४ मुद्दा फछ्र्यौट

विराटनगर, साउन २ गते । उच्च अदालतले आर्थिक वर्ष २०८०-०८१ मा ३८ सय ८० मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा ३२ सय ५४ मुद्दा अर्थात ८३.८६ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ ।

उच्च अदालत विराटनगरमा आर्थिक वर्ष २०८०-०८१ को प्रगती विवरण सार्वजनिक गर्दै उच्च अदालत विराटनगरका रजिष्टार जगदीशप्रसाद भट्टले सो जानकारी दिएको हो ।

आर्थिक वर्ष २०८०-०८१ मा जिम्मेवारी सरेर आएको मुद्दा संख्या २५ सय ४४ र नयाँ दर्ता ४८ सय ९३ गरी जम्मा ७४ सय ३७ मुद्दा रहेको थियो । जसमा ३२ सय ५४ फछ्र्यौट भयो भने ४१ सय ८३ मुद्दा बाँकी रहेको छ ।

मुद्दाहरुमा निवेदन र प्रतिवेदन तर्फ जिम्मेवारी सरेर आएको १ सय ९६ र नयाँ दर्ता १ हजार ४३ गरी १२ सय ३९ रहेको थियो । जसमध्ये ११ सय ६३ फछ्र्यौट भएको र ७६ थान बाँकी रहेको छ । निवेदन र प्रतिवेदन तर्फ ९३.८६ प्रतिशत उपलब्धी भएको छ ।

त्यसैगरी आर्थिक वर्ष आर्थिक वर्ष २०८०-०८१ को श्रावनमा २२३ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा १५१ वटा फछ्र्यौट, भाद्रमा ३३९ लक्ष्य लिएकोमा १९६ मुद्दा फछ्र्यौट, असोजमा ३२४ लक्ष्य लिएकोमा ११६ वटा फछ्र्यौट, कार्तिकमा १७७ लक्ष्य लिएकोमा १४६ मुद्दा फछ्र्यौट, मंसिरमा ३३८ लक्ष्य लिएकोमा १३४ मुद्दा फछ्र्यौट, पुसमा ३१६ फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा १५२ मुद्दा फछ्र्यौट भएका छन् ।

त्यसैगरी माघमा ३४९ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा २३२ मुद्दा फछ्र्यौट, फागुनमा ३२५ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ३७४ मुद्दा फछ्र्यौट, चैतमा ३५२ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा ३१३ मुद्दा फछ्र्यौट, बैशाखमा ३५२ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ४६६ मुद्दा फछ्र्यौट, जेष्ठमा ३९२ मुद्दा फ्छ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ५४४ मुद्दा फछ्र्यौट, अषाढमा ३९३ फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ४३० मुद्दाहरु फछ्र्यौट गरेका छन् ।

उच्च अदालतले मुद्दालाई चार किसिमले वर्गीकरण गरको छन । सरल, सामान्य, विषेश र बन्दीप्रत्यक्षी करण रहेका छन् । आर्थिक वर्ष २०८०-०८१ सरल मुद्दा ८९९ जिम्मेवारी सरेको, नया १५५० गरी २४४९ मुद्दा

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## किसानले...

भएको प्रदेश सरकारको कृषि शाखाको तथ्याङ्कमा उल्लेख छ। कोशी प्रदेश सरकारका आगामी योजनाहरू : समेत माथीकै क्षेत्र भित्र रहेर बजेट तथा कार्यक्रमले निर्दिष्ट गरे बमोजिम सञ्चालन हुने लक्ष्य राखिएको छ।

## डाक्टर...

विवाह भएको थियो। विवाह पश्चात बारम्बार श्रीमान् र उनका परिवारका सदस्यबाट 'टर्चर' सहनु परेपछि सुनिताले २०७७ मंसिर २ गते जिल्ला प्रहरी कार्यालय मोरङको शरण लिन पुगेकी सुनिताले वताईन।

सुनिताले भनिन मेरो त हत्या हुन लाग्दा फुत्किएर भागेको थिएँ। उनको दावी अनुसार श्याम साह योजनामै उनलाई फाँसी लगाउन खोजेका थिए, तर उनी घरको माथिल्लो तलाबाट अर्को घरमा फालेर मरिनबाट जोगिएकी थिइन्।

श्यामले विराटनगरमा सम्राट रेष्टुरेन्ट सञ्चालन गर्दै आएका थिए। त्यो रेष्टुरेन्ट पनि भाउजुको नाममा रहेको सुनिताले दावी गरिन। त्यस बाहेक विराटनगर प्रोफेसनल इन्ष्टिच्यूट समेत रहेको छ। उनको मारपीटले थलिएकी सुनिताले २०८० चैत ६ गते समेत जिल्ला प्रहरी कार्यालय मोरङसँग न्यायको लागि सहारा मागेकी छिन्। तर, त्यसबेला श्यामलाई प्रहरीले नियन्त्रणमा लियो। दुर्व्यवहार मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट छुटे। श्यामका घरपरिवारले भेला भएर मिलापत्रमा केस डिसमिस पारेका थिए। बारम्बार प्रहरी, गैरसरकारी संस्था र विराटनगर महानगरपालिकाको शरणमा पुगेकी सुनिताको न्याय पाउने आश मरिसकेको भन्दै पत्रकार सम्मेलन गरेको वताईन।

सुनिताले नेपाली नागरिकता बनाएकी छिन्। तर, छोरीको जन्मदर्ता छैन। २०७७ सालमा प्रहरीको शरणमा पुगेपछि सुनिता र श्यामबीचको विवाह वैधानिकता पाएको थियो। विवाह दर्ता गर्ने शर्तमा मिलापत्र भएका कारण श्यामले स्वीकार गरेका थिए। सुनिताका अनुसार जति पटक प्रहरीको शरणमा पुगेपनि उनी निस्कनु अगाडी नै श्याम र परिवारका सदस्यलाई प्रहरीमार्फत फोन पुग्ने गरेको छ।

पति डाक्टर श्याम साह नाममात्रका डाक्टर भएको भन्दै विभिन्न व्यक्तिहरुलाई लगानी गर्ने मिटर ब्याजी समेत भएको आरोप लगाउँदै गैरकानुनी तरीकावटा एभर्सन गराउने कार्यमा संलग्न भई मोटो रकम कमाउने गरेको अन्य महिलासंग अनैतिक सम्बन्ध भएकोले सम्बन्ध विच्छेद गर्न दवाद दिदै यातना दिई रहेको सुनिताले दावी गरेकी छिन्।

सुनिता साह भनिन मोरंग जिल्ला अदालतमा घरेलु हिंन्सा र अंश चलन/माना चामल मुद्दा दर्ता गराएको छु सो मुद्दामा मिलापत्र गर्ने अनेक दवाव दिने मार्ने धम्की समेत दिई रहको वताईन। डाक्टर श्याम साह कांग्रेस पक्षधर भएकाले प्रहरी प्रशासन पनि डाक्टर साहमा कारवाही गर्न हिचकिचाउने गरेको वताई। डाक्टर साहलाई घरेलु हिन्सामा कारवाही गरी डाक्टर श्यामका नाउँमा रहको श्रीसम्पतिबाट मेरो र मेरो छोरीका अंश दिलाई पाउन भनी सुनिता साहका माग रहेको छ।

यस विषयमा डा.श्याम साहसँग कुरा गर्दा उनले सुनिताको मनस्थिति कमजोर भएको र मानसिक समस्या भएको बताए। आफू डाक्टर भएकोले धेरै महिलासँग सम्पर्क हुने बताए। सुनिता साह गरीब परिवारबाट भएकोले मेरो सम्पत्तिमा लोभ लागेर म बाट अंश लिएर पुन भारत जान खोजेकोले म माथि अकेक आरोपहरु लगाउँदै आएको बताए।

## उच्च...

मध्ये १३६९ फछ्र्यौट भएको छ भने १०९० मुद्दा फछ्र्यौट हुन वाँकी रहुको छ।

सामान्य मुद्दा १६४५ जिम्मेवारी सरेकको नयाँ ३३०२ गरी जम्मा ४९४७ रहेकोमा १८५४ फछ्र्यौट भएको र ३०९३ वाँकी रहेको छ। विशेष मुद्दा परेको छैन भने बन्दीप्रत्यक्षी करण नयाँ दर्ता ४१ रहेकोमा ४१ वटै अर्थात १०० प्रतिशत फैसला भएको छ।

उक्त प्रगती विवरण सार्वजनिकी करणका अध्यक्ष माननीय मुख्य न्यायधिश रमेश प्रसाद भण्डारीले भने मुद्दाको फछ्यौट प्रतिशत अझ बढ्छ तर त्यसको लागि जनशक्ति अभाव रहको छ। उच्च अदालतमा १२ वटा न्यायधिशहरुको दरबन्दी रहेकोमा हाल ९ जना मात्र रहेका छन्। मुद्दाको चाप अनुसार कम्तीमा १५ वटा न्यायधिश हुनपर्ने वहांको भनाई छ।

## हिमगिरी...

आवद्ध भई प्रचार प्रसार गरेको जानकारी गराउँदै पूर्वका उद्योगी व्यवसायीहरुले उत्पादन गरेको बस्तु गुणस्तरीय र विश्वसनीय हुने गरको महजोडीले दावी गरेका थिए।

हिमगिरीले कोभिड १९ को महामारीको वेला सेनिटाइजर, माक्स, फेससिल्ड, पिपिई, ह्याण्डबास, डिसइन्फेक्टेड र अक्सिजन उत्पादन शुरु गरिएको थियो। कोभिडकै वेला कम्पनीले ४२ लाख रुपिया बराबरको मास्क निःशुल्क वितरण गरिएको थियो।

हिमगिरीका अध्यक्ष महेश जाजुले १ अर्व रुपिया उद्योगमा थप गरी स्याम्पु, ब्युटीसोप डिटेर जेण्ट पाउडर लगायतको समग्री थप उत्पादन गर्न वताए।

हिमगिरी हाइजिनले आफ्नो चार सयभन्दा वढी वितरक मार्फत सेवा पुऱ्याउदै आएको छ।

१८ वर्ष अगाडि महेश जाजु र प्रकाश मुन्दडाले मोरङ जिल्लाको बुढिगंगा गाउँपालिकामा रहेको हिमालय सोपको रुग्न उद्योगलाई खरिद गरेर हिमगिरी सोप एण्ड केमिकल प्रा.लि. को नामबाट उद्योग संचालन गरी रहेका छन्। पछिल्लो समय उद्योगबाट धोनी साबुन सहित एक दर्जन भन्दा बढि सफाइका सामग्रीहरू उत्पादन भई रहेकोले उद्योगको नाम हिमगिरी हाइजिन राखिएको छ।

सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनले :
- सेवन कर्तालाई प्रत्यक्ष रूपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्ष रूपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अधिरिक्त पारिवारिक, सामाजिक, आर्थिक वातावरणमा समेत नकारात्मक प्रभाव पार्दछ,

त्यसैले सुर्तीजनय पदार्थको सेवन नगरौं।

नेपाल सरकार, विज्ञापन बोर्ड










परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

क्राईम अपरेशन

## सम्पादकीय

### तलदेखि माथिसम्म भ्रष्टाचार

लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि राजनैतिक दलका नेताहरुले अब जनताले सवै सेवा आफ्नै घर आगनमा पाउने छन् । काठमाण्डौमा रहेको सिंहदरबारलाई विकेन्द्रिकरण गरी ७५३ स्थानीय तह अर्थात स्थानीय सिंहदरवार बनाए । राजनीतिक र प्रशासनिक रुपमा अधिकार सम्पन्न स्थानीय तह विकास निर्माण कार्यसंगै भ्रष्टाचार पनि मैलाउँदै गएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको उजुरीलाई आधार मान्ने हो भने अहिले गाउँ/टोल सम्म भ्रष्टाचार भई रहको आभास हुन्छ ।

मुलुकभरी विभाजन गरीएको स्थानीय तह, प्रदेश र संघिय सरकार समेतमा राजनैतिक दलका नेताहरुको आडमा भ्रष्टाचार भई रहको छ । नेपालमा सबै उद्योगहरु बन्दा हुने अवस्थामा पुगेको छ । तर राजनीतिक उद्योग भने फष्टाएको छ । नेपाली जनता सबै नेता नै भएकोले भ्रष्टाचार मौलाएको हो । स्थानीय तहहरुमा विना कमीसन कुनैपनि काम हुन्दैन । चाहे त्यो चाहे त्यो विकास निर्माणको कार्यहोस वा जनचेतना मुलक कार्यक्रम होस विना कमीसन कार्यक्रम स्वीकृत हुदैन ।

जनताको मतबाट जितेर आएका जनप्रतिनिधीहरुले बजेटका हिनामीनासंग व्यक्तिगत स्वार्थ राखेर काम गर्ने जनप्रतिनीधीहरु अख्तियार को निशानामा परेका छ । स्थानीय निकायको भ्रष्टाचार रोक्न आख्तियार मात्र भएर हुँदैन भ्रष्टाचार नियन्त्रण गर्न नेता, राजनीतिदल, स्थानीय यूवाहरु सबै मिलेर अगाडी बढ्नुको विकल्प छैन । सदाचार युक्त समाज र संस्कार नहुँदा सम्म भ्रष्टाचार निर्मुल हुन सक्दैन ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ । आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# परीक्षामा कांँग्रेस-एमाले गठबन्धन

डा.कृष्ण प्रसाद पौडेल

यो गठबन्धन पनि सत्ता, शक्ति र प्रतिशोधको राजनीति मा मात्र केन्द्रित रह्यो भने ग्रहण लागेको राजनीतिको कालखण्ड को रूपमा परिणत हुनेछ साथै व्यवस्थामाथि नै गम्भीर प्रश्न खडा हुनेछ ।

संसद्को सवैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेबीच सत्ता गठबन्धन गर्ने सहमति भएयता नेपालको राजनीतिको तापक्रम उच्च भएको छ । सहमति अनुरूप एमालेका अध्यक्ष केपी शर्मा ओलीले पहिलो कार्यकाल र दोस्रो कार्यकाल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेतृत्व गर्ने सहमति भएको छ ।

२०७२ साल असोजमा जारी भएको संविधानमा समय-समयमा संविधान संशोधनका थुप्रै मुद्दाहरू उठिरहेका छन्। पत्र-पत्रिकामा आए झैं दुई ठूला दलहरूको गठबन्धन संविधान संशोधनमा केन्द्रित रह्यो भने देशको समग्र आर्थिक, राजनैतिक र सामाजिक विकास साथै पर्यावरणको संरक्षणको लागि योभन्दा अर्को कुनै सुनौलो अवसर प्राप्त हुनेछैन । होइन, यो गठबन्धन सत्ता र शक्तिको बाँडफाँडको लागि मात्रै हो भने युवापुस्ता र युवा नेतृत्वले यसको ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ । साथै योभन्दा ठूलो मूल्य व्यवस्थामाथि नै गम्भीर प्रश्न र चुनौती खडा हुनेछन् ।

संविधान संशोधनको प्रक्रिया

संविधानको धारा भाग ३१ को धारा २७४ मा संविधान संशोधनबारे उल्लेख छ। उक्त धाराको उपधारा (१) मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौम सत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन भन्ने उल्लेख छ ।

- नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौम सत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।

- उपधारा (१) र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधान को कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेश गर्न सकिनेछ । तर उपधारा (१) लाई संशोधन गरिने छैन ।

- उपधारा (२) बमोजिम पेश भएको विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको तीस दिनभित्र सर्व साधारण जनताको जान कारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

- उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै प्रदेशको सिमाना परिवर्तन वा अनुसूची-६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसद्मा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनुपर्नेछ ।

- उपधारा (४) बमोजिम पठाइएको विधेयक तीन महिनाभित्र सम्बन्धित प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमत बाट स्वीकृत वा अस्वीकृत गरी त्यसको जानकारी संघीय संसद्मा पठाउनुपर्नेछ । तर कुनै प्रदेश सभा कायम नरहेको अवस्थामा त्यस्तो प्रदेश सभा गठन भई त्यसको पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्नेछ ।

- उपधारा (५) बमोजिम को अवधिभित्र त्यस्तो विधेयक स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिएमा संघीय संसद्को विधेयक उत्पत्ति भएको सदनले त्यस्तो विधेयक उपरको कारबाही अगाडि बढाउन बाधा पर्ने छैन ।

- उपधारा (५) बमोजिम को अवधिभित्र बहुसंख्यक प्रदेश सभाले त्यस्तो विधेयक अस्वीकृत गरेको सूचना संघीय संसद्को सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ ।

- प्रदेश सभाको सहमति आवश्यक नपर्ने वा उपधारा (५) बमोजिम बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ बहुमत बाट पारित गर्नुपर्नेछ ।

- उपधारा (८) बमोजिम पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिनेछ ।

- राष्ट्रपतिले उपधारा (९) बमोजिम पेश भएको विधेयक प्राप्त भएको पन्ध्र दिन भित्र प्रमाणीकरण गर्नेछ र प्रमाणीकरण भएको मितिदेखि संविधान संशोधन हुनेछ ।

राजनीतिक स्थायित्व विना आर्थिक विकास र समग्र नागरिकको जीवनस्तरलाई उकास्न सम्भव नभएकाले यसमा पुनरावलोकन गर्न जरुरी भने छ ।

संशोधनका सम्भावित सवालहरू

संविधान संशोधन गर्दा मूलतः देहायका विषयलाई समेट्नुपर्ने कुरा नेपाल बार एसोसिएसनले बेला-बेलामा उठाएको छ।

-संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको भूमिका घटाउने ।

- प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्याया धीशको संसदीय सुनुवाइको व्यवस्था हटाउनु पर्ने ।

- सर्वोच्च अदालतमा न्यायाधीशको कुल संख्या २५ जना हुनुपर्ने ।

- सर्वोच्च अदालतका न्यायाधीशको पदावधि सुनिश्चित गर्ने ।

- सर्वोच्च अदालतलाई संवैधानिक तथा मौलिक हकका विषयवस्तु, संघीय कानुनसँग सम्बन्धित विषयवस्तु तथा देवानी र फौजदारी विषयका गम्भीर प्रकृतिका मुद्दा मात्र हेर्ने गरीक्षेत्राधिकार पुनरावलोकन गर्ने ।

- सम्बन्धित प्रदेश र स्थानीय तहको अधिकार, स्थानीय तहहरूबीचको विवाद, प्रदेश सभा र स्थानीय तहको निर्वाचन सम्बन्धी विवाद हेर्ने अधिकार उच्च अदालतलाई दिने। यसका लागिसंविधानको धारा १३७ को उपधारा २ को खण्ड (क) संशोधन गर्नुपर्ने ।

- उच्च अदालतलाई पनि अभिलेख अदालत बनाउने। उच्च अदालतले प्रतिपादन गर्ने निर्णय/नजिरहरू सर्वोच्चको नजिरहरूसँग नबाझिने सम्म प्रादेशिक क्षेत्रभित्र बाध्यकारी हुने गरीव्यवस्था गर्ने ।

- प्रदेश कानुन र स्थानीय कानुन अन्तर्गतका विवादको अन्तिम निर्णय गर्ने अधिकार उच्च अदालतलाई दिने। स्थानीय तहबीचको विवाद र प्रदेश सरकार र स्थानीय तह बीचको विवाद उच्च अदालतले हेर्ने र संवैधानिक व्याख्याको विषय मात्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था मिलाउने ।

संविधान संशोधन नै गर्नुपर्ने तर नेपाल बार एशोसिएशनले नछोएका विषयहरू हुन्- प्रधानमन्त्री, राष्ट्रपति, मुख्यमन्त्री जस्ता प्रमुख पदमा एउटै व्यक्ति कति पटकसम्म रहन पाउने भन्ने मूर्त व्यवस्था। राष्ट्रिय सभामा हुने प्रतिनिधित्व, उपराष्ट्रपति को भूमिका र जिम्मेवारी, संवैधानिक आयोगहरूको संख्या र त्यसको नेतृत्व व्यवस्था, राजनीतिक दलको कार्यकारी प्रमुख कति पटकसम्म एउटै व्यक्ति रहन पाउने लगायत विषयमा संविधानमा नै संशोधन गर्न आवश्यक देखिन्छ ।

यस्तै स्थानीय तहको संरचनात्मक कटौती, प्रतिनिधि सभामा रहेको प्रत्यक्ष र समानुपातिकको संख्यालाई न्यून गर्ने प्रावधान, प्रदेश सभाबाट समानुपातिक संख्यालाई हटाउने कुरा, प्रदेश सभामा रहने मन्त्रीको संख्यालाई संविधानमा नै उल्लेख गर्ने विषय साथै हङ पार्लियामेन्टको विकल्प लगायत विषयवस्तु संविधान संशोधनका मूल मुद्दा हुन सक्छन् ।

किन आवश्यक छ संविधान संशोधन

संविधान संशोधन गर्नुपर्ने विविध कारण रहेका छन्। यो मध्ये के-कस्ता विषयले सार्वजनिक ऋण बढेको छ त्यसमा प्रमुख रूपमा ध्यान दिन जरूरी छ। संघीयता जारी भएपश्चात् नेपालको सार्वजनिक ऋण ह्वात्तै

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन

# किसानले अनुदान पाएपछि कृषि पेशाबाटै राम्रो आम्दानी

**पदम कुमार सरदार**

विराटनगर । दैनिक जीविको पार्जनका लागि परम्परागत रुपमा खेती गर्दै आएका किसानलाई पहिलो अन्नबाली बेचेर खेती गर्दाको खर्च समेत धान्न मुस्किल हुन्थ्यो । तर अहिले प्रदेश सरकारले कृषि ज्ञान केन्द्रहरुमा मार्फत खेती गर्ने उन्नत तरिका, उच्च गुणस्तरको बिउ छनोट र खेतीका लागि अनुदान समेत दिन थालेपछि किसानहरुले कृषि उपजबाट नाफा कमाउन थालेका छन । उनीहरुको उत्पादनको बजारको समेत समस्या नभएपछि अहिले किसानहरु खेतीमा उत्साहित भएर लागेका छन ।

किसानलाई व्यवसायीक रुपमा अघि बढाउने संघिय सरकारले विभिन्न बालीहरुको पकेट क्षेत्र घोषणा गरेर गरेको काम र प्रदेश सरकारले कृषि ज्ञानकेन्द्र मार्फत गरेका कामहरुलाई उदाहरणको रुपमा लिन सकिन्छ । पछिल्लो समय मकैखेति, चेतै धान, बोडो धानखेति गर्न कृषकलाई प्रदेश सरकारले कृषि ज्ञान केन्द्र मार्फत कृषकहरुका लागि प्रोत्सानस्वरुप प्रतिकट्ठा ५ सय रुपैयाँ उपल्ब्ध गराउँदै आएपछि मोरङ जिल्लाका किसानहरुको आकर्षण खेती तिर तानिएको हो ।१० कट्ठा भन्दा बढी मकैखेती चेतै धान, बोडो धानखेति गर्ने कृषकलाई मागका आधारमा उक्त रकम उपल्ब्ध गराउने गरिएको छ ।

मकै खेती गर्ने अधिकांस किसानको गुनसो पहिले मकैबाट राम्रो उत्पादन भएन भन्ने नै हुन्थ्यो तर यसपाली मेहनग अनुसार लगानी खेर नगएको बताउन थालेका छन । उत्पादित मकैको बजारीकरण र उचित मुल्य पाएपछि मोरङ रंगेलीका कृषक समर बहादुर खवास, दिनेश विष्ट, लोक बहादुर काफ्ले खुशी व्यक्तगरेका छन् । मोरङका भण्डै ४५ प्रतिशत क्षेत्रफलमा किसानहरुले मकैखेति गर्दै आएका छन । मकैखेति गर्न प्रति विघा ५० हजारदेखि ६० हजार रुपैयाँ सम्म खर्च हुन्छ । किसानले उत्पादन गरेको मकै बजारमा प्रति क्यून्टल ३ हजारदेखि ३ हजार ५ सय सम्ममा बिक्रि हुन्छ । खर्च अनुसारको आम्दानी न्यून हुदा खिन्न किसानहरु कृषि ज्ञानकेन्द्रले मकैं खेतिका लागि अनुदान, प्राविधिक सहयोग र उन्नत जातको मकैंको विउ प्रयोगमा किसानलाई सहयोग गरेपछि अहिले किसान मकै खेती गर्न उत्साहित बनेका छन ।

कृषि ज्ञान केन्द्रले मकैखेति विस्तार कार्यक्रम अन्र्तरगत किसानहरुलाई प्रोत्साहनका लागि प्रतिकट्ठा ५ सय रुपैयाँ उपलब्ध गराउन थालेपयिछ मकै खेती प्रति किसानको उत्साह जागृत भएको केन्द्रका कार्यकारी प्रमुख रामदेव सिहंले जानकारी दिए। यस वर्ष अधिकांश किसानहरुले हाईब्रिड मकै लगाएका थिए । अगामी दिनमा पनि अरु कृषकहरुलाई पहिचान गरेर मकैखेति, चेतै धान, बोडो धानखेति गर्न प्रोत्साहनका लागि प्रतिकट्ठा ५ सय रुपैयाँ उपलब्ध गराउने उनले बताए । त्यस्तै मोरङको धनपालथान गाउँपालिकाका(१ नौचाका युवाहरु विदेशबाट फर्केर सामूहिक च्याउखेति गर्न सुरु गरेका छन् । च्याउ खेतीको आम्दानीले उनीहरु नेपालमै कृर्षि क्षेत्रमा राम्रो आम्दानी गर्न सकिन्छ भन्नेमा विश्वस्त बनेका छन । ६ हजार सिलिण्डरमा लगाएको च्याउखेतिमा दैनिक एक सय ३५ किलो सम्म उत्पादन हुने गरेको कृषक सन्जय मण्डलले बताए । च्याउ खेतीका लागि स्थानिय ज्ञानकेन्द्रबाट उनीहरुले आवश्यक ज्ञान र सीप सिकेका थिए ।

कृषि ज्ञानकेन्द्रले अनुदान दिन थालेपछि पछिल्लो समय बोडोधान खेतीप्रति मोरङका किसानको आकार्षण वढ्न थालेको छ । कम लागतमा वढि उत्पादन हुने भएपछि मोरङको दक्षिण भेगमा बोडो धानखेती विस्तार हुन थालेको हो ।

रंगेली र सुनवर्सी नगर पालिकाका किसानले वढि क्षेत्रफलमा यो धान लगाउने गरेको ज्ञानकेन्द्रले जनाएको छ । अरु धानभन्दा वढि फाइदा हुने र उव्जाउपनि त्यतिने हुने भएकाले ७, ८, वर्षदेखि आफुले यो धान लगाउदै आएको कृषक नारायण मण्डलले बताए । यो धानखेतीगर्न थालेपछी वर्षको तिनवाली लगाउन सफल भएको १२ महिना खेतवारीमा अन्न उत्तपादन हुने गरेका अर्का किसान महेन्द्र प्रसाद मण्डलले बताए । त्यस्तै रंगेली नगरपालिका वार्ड १ सगरदिनाका कर्णवहादुर थापाले व्यावसायिक रुपमा धानखेती गर्दै आएका छन । प्रदेश सरकारले अनुदान दिन थालेपछि मोरङ जिल्लामा चेतै र बोडोधानको क्षेत्रफल विस्तार हुन थालेको छ । कोशी प्रदेशको सहयोगमा मोरङका ८ वटा पालिकामा धानखेती विस्तारका लागि प्रतिकठा ५ सयका दरले कृषि ज्ञानकेन्द्रले अनुदान दिन थालेको ज्ञानकेन्द्रका कार्यकारी प्रमुख सिंहले जानकारी दिए ।

मौरी पालक किसानलाई प्रोत्साहन स्वरुप कृषिज्ञान केन्द्र मोरङले प्रतिघार पाँचसय रुपैयाँ अनुदान उपलव्ध गराउन थालेपछि मौरीपालन तर्फ किसानको आकार्षण वढ्न थालेको छ । मोरङमा वार्षिक रुपमा वार्षिक ६० हजार किलो भन्दा बढी मह उत्पादन हुने गरेको छ । उर्लावारी नगरपालिका-२ स्थित सामु दायिक वनमा एक दर्जन भन्दा किसानले २ सय भन्दा बढी घारमा महुरी लगाएका छन् । उनीहरु मह उत्पादन गरेर आत्मनिर्भर मात्र होइन आम्दानीसमेत गरेका छन् ।

उर्लावारी नगरपालिका(२ की मुना खड्का मौरी पालन गरेर राम्रो आम्दानी लिएको बताउँछिन । उनी मौरी पालक कृषकलाई प्रोत्साहन गर्न सरकारले थप लागानी गर्न आवश्यक रहेको बताउँछिन । महुरी पालनबाट राम्रो आम्दानी हुने देखेपछि अहिले यसको आकर्षण बढ्दै गएको छ । युवाहरु विदेश जान छोडेर अहिले मौरी पालन तर्फ आकर्षित भएको पनि पाएको छ । पछिल्लो समय राम्ररी फष्टाएको महुरीपालनमा चरन अभावको भने समस्या रहेको छ । जगगाको अभावले गर्दा भने जति महुरी पाल्न नसकिएको मौरीपालक कृषकहरुको गुनासो छ ।

उनीहरुले अहिले सामु दायिक वनमा मौरी पालन गर्न प्रदेश सरकारबाट सहयोग पाएको उनीहरुले खुशी व्यक्तगरेका छन् । कृषि ज्ञान केन्द्रले खेति विस्तार कार्यक्रम अन्र्तरगत मौरी किसानहरुलाई प्रोत्साहनका लागि प्रतिघार पाँचसय रुपैयाँ उपलब्ध गराएको ज्ञान केन्द्रका कार्यकारी प्रमुख रामदेव सिहंले बताए । प्रदेश सरकारले कृषिका लागि पनि आर्थिक वर्ष २०७९/०८० मा एक करोड रुपैयाँ बजेट विनयोजन गरेको थियो । जसमध्ये कृषि कार्यक्रमका लागि ९० प्रतिशत कृषक हरुले लाभ लिएका थिए । भने आर्थिक वर्ष २०८०/०८१ मा कृषिका लागि अघिलो वर्षको भन्दा झन्डै दोब्बर बजेट विनियोजन गरेको थियो । प्रदेश सरकारले यो आर्थिक वर्ष २०८१/०८२ का लागि कृषि कार्यक्रम प्रस्ताव गरेको कोशी प्रदेशका कृषि शाखाका सूचना अधिकारी चापागाईले जानकारी दिए। कोशी प्रदेश सरकारले कृषि क्षेत्रमा सञ्चालन गरेका मुख्य(मुख्य कार्यक्रमहरू मध्ये यो बर्ष मकै उत्पादकत्व प्रवर्द्धन कार्यत्रम, ब्लक विकास कार्यक्रम, कार्यक्षेत्र भित्रका स्थानीय तहमा कार्यरत कृषि प्राप्त प्रतिफल, अपेक्षित प्रतिफल, विषादी विक्रेताहरु को पसल, गोदामहरुको कानूनी व्यवस्थापकीय तथा प्राविधिक पक्षको अनुगमन गरि नियमनबारे जानकारी गराइएको छ । ७ सय ३५ जना कृषकहरु सुरक्षित विषादी प्रयोग, जैविक विषादी प्रयोग तथा झोलमल बनाउने विधि र प्रयोग तथा सूक्ष्म खाद्यतत्व प्रयोग बारे प्रदर्शनीबाट लाभान्वित भएका छन् । भने कृषि ज्ञान केन्द्र तथा स्थानीय तहमा संचालन हुने कृषि कार्यक्रमहरुको बारेमा छलफल, प्राविधिकहरु कार्यक्रम तथा तथ्याङ्क सम्बन्धि छलफल तथ्या अद्यावधिक लगायत अनुभव आदानप्रदान गरि आपसि समन्वय कायम गरेको छ ।

रोगकीरा पहिचान र व्यवस्थापनमा सहजिकरण समेत गरिएको छ । विभिन्न बाली उत्पादन लिने समयमा ऋषकटि गरिएको, एफएम रेडियो मार्फत समय सान्दर्भिक सूचना प्रवाह गरिएको छ । ९ सय ७५ जना कृषकहरुको बालीनालीमा लागेको रोगकीरा लगायतका समस्याहरुको पहिचानमा प्रदेश सरकारले सहयोग प्रदान गरेको छ । कृषकहरुलाई उत्प्रेरणा प्रदान गर्ने उदेश्यले प्रदेश सरकारले विषादीक स्प्रेयर पनि वितरण गरिएको छ । धान, कोदो, मकै र फल फुल बालीमा ऋपकटिङ्ग गरिएकोले तथ्याङ्क अद्या वधिक गर्न सहयोग गरेको छ । कृषकहरुलाई नयाँ प्रविधि, रोगकीय, मौषम, तथा कृषि सम्बन्धी विषयमा प्रदेश सरकारले जानकारी गराएको छ । १ हजार २ सय हेक्टर. भन्दा बढि क्षेत्रफलमा स्थानीय उन्नतजातको बीउ प्रतिस्था पन गरेको छ । भने उन्नत जातको मकै तथा खेती प्रविधिमा यान्त्रिकरण गरेको छ । बीउ रोप्नलगायत गोड्मेलमा यान्त्रिकरणको प्रयोगले लागत उत्पादन कमि हुने प्रदेश सरकारले अनुमान गरेको छ । उन्नत बीउको प्रयोगले उत्पादनमा १.५२ प्रतिशत तथा उत्पादकत्वमा १८ प्रतिशत वृद्धि हुनसकिने मन्त्रालयले जनाएको छ । उन्नत तथा हाइब्रिड बीउको प्रयोग, ट्र्याक्टर, मिनिटिलर, मोटर बोरिङ्ग, पम्पसेट, प्लाष्टिक टनेल जस्ता उत्पादन सामाग्री उपलब्ध भएकोले वृद्धि उन्नत बीउविजन, यान्त्रिकिकरण, सिंचाइ सुविधाले विभिन्न फलफूल, तरकारी, गहुँलगायत को बाली ७ सय हेक्टर क्षेत्रफलमा विस्तार गराई उत्पादनमा करिव २.३ प्रतिशत हुने अपेक्षा प्रदेश सरकारले गरेको छ । साथै प्रत्यक्ष/अप्रत्यक्ष रूपमा ९ सय ३२ जना कृषक परिवार यसबाट लाभान्वित

वांकी ४ पेजमा...

## स्वास्थ्य

# रुघा खोकी निको पार्ने सात घरेलु उपाय

संसारमा सायदै त्यस्तो व्यक्ति होला जसलाई जीन्दगीको कुनै न कुनै बेला रुघा नलागेको होस्। घरमा एक जनालाई वा स्कूलको कक्षामा एक विद्यार्थीलाई रुघा लाग्यो भने उसले हाच्छ्युँ गर्दा उडेका स-साना जीवाणुहरू स्वस्थ व्यक्तिको शरीरमा पसेपछि रुघा लाग्ने सम्भावना हुन्छ । त्यसपछि पनि प्रतिरोधात्मक शक्ति कम भएको, थाकेको, नखाएको बेलामा रुघा लाग्ने बढी सम्भावना हुन्छ ।

रुघा लागेको व्यक्ति भएको कोठाका झ्यालढोका लगाएर बस्दा जीवाणुहरू त्यहीँ रहन्छन् र रोग कोठामा बस्ने सबैलाई सर्छ। कहिले कुनै त कहिले कुनै प्रकारको जीवाणुको कारणले रुघा फैलिने भएकोले यसको विरुद्धमा खोप तयार पार्न पनि गाह्रो छ। संसारका सबैलाई कुनै न कुनै बेला यो रोगले समाते पनि चट्ट निको हुने गरी कुनै औषधी बनाउन सकिएको छैन। कतिले एन्टिवायोटिक खान्छन्, कतिले विज्ञापनमा देखाएजस्तो चक्की खान्छन्। तर रुघा निको पार्ने औषधी छैन । यो समस्या नहोस् भन्नको लागि केही रक्षात्मक उपाय अपनाउन सकिन्छ र समस्या भइसकेपछि पनि केही साधारण उपाय अपनाउन सकिन्छ ।

रुघा लागेको व्यक्तिको संसर्ग नगर्ने-रुघा लागेका व्यक्ति नजिक वा मुखामुख हुने गरी बस्नु हुँदैन । यदि बस्नु परेमा मुख र नाक छोप्ने किसिमको मास्क लगाउनु ठीक हुन्छ ।

**भिटामिन सी**

अमला, कागती जस्ता भिटामिन सी भएका भोजनको प्रयोग र मौसमी फलफूलहरूको प्रयोगले शरीरमा भिटामिन सी को आपूर्ति हुन सक्छ। भिटामिन सी ले शरीरको रोगसँग लड्ने शक्ति बढाउँछ ।

**आराम र पानी**

रुघा लाग्नुभन्दा अघि धेरै जना नाक र घाँटीमा के-के भएजस्तो, बालुवा रहेको जस्तो, खसखस भएजस्तो हुन्छ भन्ने गर्छन्। यस्तो किसिमको अनुभव हुने बित्तिकै आराम गरेर प्रर्याप्त मात्रामा पानी ९विशेष गरी कागती हालेर० पिउनु पर्छ। पानीको पर्याप्त प्रयोगले जीवाणुहरू पिसाबबाट चाँडै बाहिर निस्कन्छन् ।

पानी मात्र पिउन मन नलागे तरकारीको तातो सूप पर्याप्त मात्रामा पिउनु पर्छ। रुघा लाग्दा प्राय: खानामा रुचि घट्ने हुनाले सूपको प्रयोग गर्नाले शरीरलाई चाहिने केही पोषण तत्व पनि प्राप्त गर्न सकिन्छ। यस्तो बेलामा काम छोडेर आराम गर्नु उत्तम हुन्छ। यदि सम्भव भएन भने कम से कम शारीरिक रुपमा धेरै थाक्ने काम चाहिँ त्याग्नु पर्छ ।

**नुन-पानीले कुल्ला**

घाँटीमा खसखस भएको बेलामा मनतातो पानीमा नुन हालेर घाँटीमा गारगल ९खकाल्ने० गरेमा दुखाइ निकै कम हुन्छ। सम्भव भए दिनमा ५-६ चोटि, त्यो नभए दुखेको र थुक निल्न गाह्रो भएको वेला चाहिँ कुल्ला गर्नु (खकाल्नु) पर्छ । यसले घाँटीको दुखाइ र संक्रमण पनि कम गर्छ। घाँटीमा कुल्ला गर्दा अलिकति ज्वानो पानीमा हालेर कुल्ला गर्दा फाइदा गर्छ ।

**मह र कागती**

घाँटी दुखेको बेला मनतातो पानीमा मह र कागती मिसाएर पिउनाले ३ वटा फाइदा हुन्छ। शरीरलाई पानीको मात्रा पुग्छ, कागतीले भिटामिन सी दिन्छ। महले केही मात्रामा क्यालोरी दिन्छ र घाँटीको दुखाइ पनि केही कम गर्छ। धेरै जसोले यसमा अदुवाको टुक्रा पनि हाल्छन्। अदुवालाई पानीसँग भिन्नै काँढा बनाएर पनि प्रयोग गर्न सकिन्छ ।

**तातो पानीको वाफ**

सम्भव भएमा त पूरा जीउ नै तातो पानीको वाफमा राख्न सके वा तातो पानीमा बस्न सके शरीरले आनन्द पाउने मात्र होइन शरीरमा रुघा लाग्दा सूक्ष्म जीवाणुहरूको विषको कारणले दुखेको मासंपेशीलाई पनि धेरै फाइदा हुन्छ । तर हामीकहाँ यो सुविधा थोरै व्यक्तिहरू मात्र उपयोग गर्न सक्षम छन् । तर पानी उमालेर कुनै भाँडोमाथि राखी त्यस भाँडोमाथि टाउको राखेर कुनै बाक्लो कपडाले टाउको छोपेर वाफ लिन चाहिँ सकिन्छ । पानीमा कति जनाले वास्ना आउने सन्चो या टिन्चर वेन्जीन पनि हाल्छन्। यसरी बाफ लिँदा नाकमा वास्ना आई सुँघ्न आनन्द आउने र बाफले नाक खुलेर सास लिन सजिलो हुन्छ। घाँटी दुखेको र अलि-अलि छाती दुखेको पनि निको हुन्छ ।

**घरेलु औषधि**

तुलसीको पात र दानालाई २-३ गिलास पानीमा उमालेर आधा गिलास भएपछि निकाली त्यो पानी पिउनाले धेरै फाइदा गर्छ। तुलसीको पात घरैमा पाइन्छ। आजकल त तुलसीको चिया नै पनि बजारमा आउन थालेको छ ।



# दुरशिक्षा विधिबाट पत्रकारीता तालिम शुरू

**राजेश कुमार राजवंशी**

विराटनगर, श्रावण १ गते। पत्रकारिता प्रशिक्षण क्षेत्रमा नेपालकै सबैभन्दा जेठो र प्रतिष्ठित संस्था नेपाल प्रेस इन्स्टिच्यूटको प्रादेशिक विभाग, क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरले पत्रकारिता क्षेत्रका लागि युवा जनशक्ति उत्पादन गर्ने उद्देश्यले दूर शिक्षा विधिको प्रयोग गर्दै आजदेखि १० महिने पत्रकारिता तालिम शुरु गरेको छ।

युट्युव लगायतका नयाँ मिडियाको प्रयोग गरी पत्रकारिता गर्न चाहने तर तालिमको अवसर नपाएक शिकारु रहेको छ। नेपाल प्रेस इन्स्टिच्युटले आजदेखि ४० औं समूहको १० महिने पत्रकारिता तालिमको सुरुआत गरेको हो।

४० औं समूहका रुपमा तालिम हासिल गर्ने व्यक्तिहरु पनि विगतमा जस्तै नेपाली पत्रकारिता क्षेत्रलाई व्यावसायिक बनाउन सक्षम हुने विश्वास लिइएको छ। नेपाल प्रेस इन्स्टिच्यूटबाट प्रशिक्षित व्यक्तिहरु व्यावसायिक पत्रकारका अतिरिक्त सरकारी कार्यालयका प्रवक्ता र सूचना अधिकारी पनि भएका विगतका दृष्टान्त यस पटक पनि दोहोरिने विश्वास गरेको नेपाल प्रेस इन्स्टिच्यूट, क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगर सयोजक बिरेन्द्र शर्माले जानकारी गराए।

तालिममा विभिन्न जिल्लाबाट १० महिला र १६ पुरुष गरी २६ प्रशिक्षार्थी सहभागी छन्। तालिममा ६ महिना डिजिटल माध्यमबाट कक्षा सञ्चालन हुने र चार महिना प्रयोगात्मक अभ्यासमा सहभागी गराइने तालिमका संयोजक कपिल काफ्लेले जानकारी दिए। डिजिटल कक्षा हप्ताको पाँचदिन बिहान ७ बजेदेखि ९ बजेसम्म सञ्चालन हुनेछ। तालिममा आधारभूत पत्रकारिता, समाचार रिपोर्टिङ तथा लेखन, डिजिटल मिडिया, रेडियो पत्रकारिता, टेलिभिजन पत्रकारिता, फिचर लेखन सम्बन्धी ज्ञान दिइनेछ।

चार महिने प्रयोगात्मक अभ्यासका लागि इन्स्टिच्यूटले सहभागीलाई प्रतिष्ठित सञ्चार गृहमा लगाउने व्यवस्था छ। तालिम दूर शिक्षा प्रणालीबाट भए पनि अन्तिम परीक्षा प्रत्यक्ष भौतिक उपस्थितिमा हातैले लेखेर दिनुपर्ने व्यवस्था छ।तालिममा सहभागीमध्ये सात जना नेपाल प्रहरी र दुई मानव अधिकारकर्मी पनि छन्।

त्यसैगरी नेपाली सेना र सशस्त्र प्रहरीजस्ता सुरक्षा निकायबाट खटिएका सहभागी पनि तालिम लिइरहेका छन्। सहभागीमध्ये केही पत्रकारिता मा औपचारिक शिक्षा हासिल गरिसकेका र पत्रकारिता गरिरहेका व्यक्ति पनि रहेको परिचय कार्यक्रममा खुलेको छ।

तालिममा कक्षा १२ देखि स्नातकोत्तर उत्तीर्ण सहभागी पनि छन्। भौतिक रुपमा तालिमका लागि राजधानी आउन नसक्ने सहभागीलाई अनलाइन माध्यमले अवसर जुराएको भन्दै सहभागीहरुले प्रसन्नता व्यक्त गरेका छन्।

हप्ताको पाँचदिन, प्रत्येक दिन दुई घण्टा अनुभवी प्रशिक्षकहरुद्वारा कक्षा सञ्चालन, प्रशिक्षण नेपाली १२ कक्षा उत्तीर्ण भौगोलिक रुपमा जहां सुकै रहेका व्यक्तिले तालिम लिनसक्ने र प्रत्यक्ष प्रयोगात्मक अभ्यास र अन्तिम परीक्षाका लागि काठमाडौं, विराटनगर र नेपालगञ्जमा क्षेत्रीय सञ्चार स्रोत केन्द्र परिचालन हुनेछ।

पत्रकारिता क्षेत्रलाई तालिमका माध्यमबाट सशक्त सबल, निष्पक्ष, स्तरीय र आचारशील बनाउने प्रयत्नमा नेपाल प्रेस इन्स्टिच्यूट, क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगर विगत ३७ वर्षदेखि निरन्तर लागिपरेको छ। डेनमार्कको डेनिस स्कूल अफ जर्नालिजम द्वारा प्रशिक्षित प्रशिक्षकहरुको दक्षता तथा नेपाल प्रेस इन्स्टिच्यूटको गुणस्तरीयताको कडा मापदण्डहरुले यस संस्थाबाट प्रदान गरिने तालिमहरुलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याएको छ।

यस क्षेत्रका प्राय : सबै स्थापित पत्रकारहरुले यस संस्थाबाट विभिन्न तालिम प्राप्त गरेका छन्। कतिपयले तालिम पश्चात आफ्नो सीपको विकास गरी काठमाडौंस्थित प्रकाशन/प्रसारण गृहहरुमा पनि स्थान बनाउन सफल भएका छन्।

# मोरंग, झापा र उदयपुरबाट लागुऔधा सहित १३ पक्राउ



विराटनगर। लागुऔषध गाँजा सहित १३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

घटनाको विवरण अनुसार त्यसैगरी मोरङ र सुनसरीको विभिन्न स्थानबाट हिजो बेलुका प्रहरीले लागुऔषध सहित ४ जनालाई पक्राउ गरेको छ।

मोरङको विराटनगर महानगर पालिका-१५ सुडि टोल स्थितमा लागुऔषध गाँजाको कारोबार भईरहेको भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले स्थानिय ६८ बर्षीय रघुनाथ साह र विराटनगर -१३ का १९ वर्षीय आनन्द कोईरीलाई ५०० ग्राम गाँजा र नगद १० हजार ७ सय सहित नियन्त्रणमा लिएको थियो।

साथै जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले मोरङको विराटनगर-९ स्थितबाट प्र१-०२-०४७ प ४४६५ नम्बरको मोटरसाईकल चालक धनकुटाको सहिदभुमी गाउँपालिका-७ का ३८ बर्षीय जिवन राईलाई १९ किलोग्राम गाँजा सहित पक्राउ गरेको थियो। सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-६ स्थितबाट इटहरी उप-महानगरपालिका-१९ अमाह टोलका २८ बर्षीय रितेश चौधरीलाई २ ग्राम ब्राउनसुगर र ल्क्त्ल्ब्स्भ्ष्ख त्व्यिभ्त- २२ थान सहित इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो।

उदयपुरको कटारी नगरपालिका-७ रिस्कुबाट ४९ किलोग्राम गाँजा सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको थियो।

पक्राउ पर्नेहरुमा उदयपुर को ताप्ली गाँपालिका-१ बाहुनीटारका ३१ बर्षीय शम्भु राई,१८ बर्षीय आषिश भुजेल र अर्का एकजना बालक रहेका छन्।

जिल्ला प्रहरी कार्यालय उदयपुरबाट गस्तिमा खटिएको प्रहरी टोलीले तीनै जनाले बोकेर ल्याउदै गरेको अवस्थामा उक्त परिमाणको लागुऔषध गाँजा फेला पारी बरामद गरेको थियो।

त्यसैगरी मोरङ र झापाका विभिन्न स्थानबाट प्रहरीले लागुऔषध ब्राउन सुगर सहित ६ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्ने मध्ये मोरङ सुन्दर हरैचा नगरपालिका ४ का २१ बर्षीय मनिष चौधरी, २५ बर्षीय अशोक ऋसिदेब, ३१ बर्षीय नबिन कार्की र ३२ बर्षीय बिष्णु चौधरीलाई २.१५ ग्राम ब्राउन सुगर सहित विराटनगर महानगरपालिका १५ स्थित १ नम्बर ढाँटबाट लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ।

त्यसै गरी झापा बिर्तामोड नगरपालिका ३ का १९ बर्षीय बिबेक खड्का र २१ बर्षीय सरोज चौधरीलाई झापा भद्रपुर नगरपालिका ५ मेचीपुलबाट ब्राउन सुगर २७० मिलिग्राम सहित मेचीपुल बिटबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ।

ब्राउन सुगर सहित पक्राउ परेका सबै जनाको थप अनुसन्धान भईरहेको छ।

# कोशी प्रदेश पुर्णखोप सुनिश्चितताको छैठौं स्थानमा

राजेश कुमार राजवंशी

स्वास्थ्य तथा जनस्ख्या मन्त्रालय को सचिव डा. रोशन पोखरेलले कोशी प्रदेशमा पूर्णखोप सुनिश्चितता छैठो स्थानमा भएको हो। स्वयम सेवक लाई धन्यवाद दिदै यो तपाई हरुको कामले म शुशी छु यसरी नै काम लाई निरन्त रुपले अगाडि वढाउन होला भनी अपेक्षा समेत गरेको छु।

कोशी प्रदेश पुर्ण खोप घोषणा प्रदेश सरकार स्वास्थ्य मन्त्रालय समितिको सचिवालय स्वास्थ्य निर्देशनालय धनकुटाले कोशी प्रदेशका मुख्य मन्त्री हिकमत कार्कीले पानसमा बती वालेर उद्घाटन गरेको थियो। मुख्यमन्त्री कार्कीले स्वयसेवेका स्वास्थ्य क्षेत्र समबन्धी काम गर्ने लाई हौसलाका साथ लाग्नुपर्छ अग्राह गरेका थिए। स्वास्थ मन्त्रालय सँग समन्वय गरी कुनै पनि बालबालिका खोप बाट बन्चित नहोस् त्यो बालबालिका अधिकार हो वताएका थिए।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (तत्कालिन स्थानीय विकास मन्त्रालय) र स्वास्थ्य तथा जनासंख्या मन्त्रालयवाट संयुक्त रूपमा पूर्णखोप सुनिश्चितता राष्ट्रिय निर्देशिका २०७१ (संशोधन २०७७) जारि गरी खोज र खोपको रणनीति लागु गरियो प्रत्येक वर्ष सबै वडामा माघ, फाल्गुन, चैत्रमा स्वास्थ्यकर्मीबाट घरधुरी सर्वेक्षण गरी छुट खोप पुरा गराएर प्रत्येक वर्ष वैशाख महिनामा सबै वडा, सबै स्थानीय तह र सबै जिल्ला पूर्णखोप सुनिश्चित भएको प्रमाणीकरण घोषणा गर्ने नीति अनुरुप कोशी प्रदेशमा पनि यो कार्य निरन्तर भै रहेको व्यहोरा पोखरेलले जानकारी गराएका थिए।

खोप अति महत्वपूर्ण आधारभूत स्वास्थ्य सेवा हो आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन्, संचालन गर्ने जिम्मेवारी सम्बिधानत: स्थानीय सरकारको रहेको छ सोहि अनुसार खोप सेवाको प्रभावकारी संचालन व्यवस्थापन गरी खोप सेवा सबैको पहुचमा रहेको यकिन गर्ने जिम्मेवारी पनि स्थानीय तहको नै हुने हुन्छ। यही मर्म अनुरुप खोप सेवाको संचालन व्यवस्थापन र खोप सेवाको पहुच वृद्वी गरी सबै बालबालिकाहरुले पूर्णखोप पाएको सुनिश्चित र प्रमाणीकरण गर्न तहगत खोप समन्वय समिति वडासम्म व्यवस्था गरिएको छ. पूर्णखोप सुनिश्चितता सबै भन्दा पहिला वडा बाट शुरु हुन्छ .यो कार्यको अनुगमन, व्यवस्थापन र प्रमाणीकरण वडा खोप समिति वाट हुन्छ, सबै वडा प्रमाणीकरण भए पछि सो को अनुगमन गरी पालिका पूर्णखोप सुनिश्चित गर्ने जिम्मेवारी पालिका खोप समन्वय समितिको हुनेछ।

त्यसै गरी सबै सबै स्थानीय स्थ तहले पूर्णखोप सुनिश्चित गरेपछि सो को अनुगमन गरी जिल्ला खोप समन्वय स्मित्वाट पूर्णखोप जि जिल्ला सुनिश्चित भएको प्रमाणीकरण गरिन्छ सबै जिल्लाले पूर्णखोप सुनिश्चित गरे पछि सो को अनुगमन गरेर प्रदेश खोप समन्वय समितिबाट प्रमाणीकरण गर्दछ भने प्रदेश पूर्णखोप घोषणाको लागि राष्ट्रीय राष्ट्रीय खोप समन्वय समितिवाट प्रमाणीकरण पृश्चात प्रदेश पूर्णखोप घोषणा भएको छ पालिकाको कुनै वडा सुनिश्चित/प्रमाणीकरण नभएमा पालिका पूर्णखोप हुदैन, तेस्तै कुनै १ पालिका पूर्ण खोप नभएमा जिल्ला पूर्ण खोप हुन सक्दैन, यसै गरि बु कुनै एक जिल्ला पूर्णखोप सुनिश्चित सकेन भने प्रदेश पूर्णखोप सुनिश्चित हुन सुक्दैन।

यहि कारणबाट विगत वर्षमा पूर्णखोपको क्रियाकलाप सघन रुपमा संचालन भै रहेता पनि कुनै वार्ड/पालिका/जिल्ला पूर्णखोप सुनिश्चित नभएको कारण यस अघि कोशी प्रदेशलाइ पूर्णखोप सुनिश्चित गर्न नसकिएको व्यहोरा निवेदन गर्न चाहन्छु। हालको यो आ.व. मा पहिलो पटक कोशी प्रदेशका सबै वडा, पालिका र जिल्ला पूर्णखोप सुनिश्चित भएको प्रमाणीकरण भएकोले प्रदेश सरकारबाट सोहि अनुसार कोशी प्रदेश यो आ.व.मा पूर्णखोप सुनिश्चित भएको प्रदेश पहिलो पटक घोषणा गर्ने ऐतिहासिक अवसर र क्षणमा यो भव्य समारोहमा हामी उपस्थित छौ। पूर्णखोप सुनिश्चित गर्ने राष्ट्रिय निर्देशिका र कार्यविधि अनुसार पूर्णखोप सुनिश्चितताको लागि स्थानीय तहसम्म कार्यक्रम र बजेट विनियोजन हुने गरेको छ सोहि अनुरुप यो आ.व. मा प्रदेशलाई नै पूर्णखोप गनिशित गर्न निम्न कार्यहरु गरिएको थियो।

२०८१/०९/११-१३ गते प्रदेश तहमा सबै स्वास्थ्य कार्यालय र सरोकारवालाहरु समेतको समिक्षा र योजना गोष्ठी गरी यसै आ.व.मा पूर्णखोप प्रदेश घोषणा गर्ने निर्णय र योजना भएको।माघ फाल्गुन चैत्र महिनामा छुट खोप पहिचानको लागि घर धुरी सर्वेक्षण कार्य प्रभावकारी बनाउन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालय बाट निरन्तर अभिमुखीकरण, सहजीकरण र अनुगमन गरिएको।यसै आ.बा.मा संचालन भएको दादुरा रुबेला खोप अभियानमा ५ वर्ष मुनिको बच्चाहरुको छुट खोपको पहिचान, अनुगमन र अभियान संगै छुट खोप पनि उपलब्ध गरिएका थियो। वैशाख महिनालाई खोप महिनाको रुपमा मनाई पुन: महिला स्वास्थ्य स्वयमसेविका र स्वास्थ्यकर्मी परिचालन गरी छुट खोप बच्चा खोजी बखोप लगाइएको।१४ वटै जिल्लामा प्रत्यक वडा समेतका स्वास्थ्यकर्मी हरुलाई पूर्णखोप सुनिश्चितता र सुक्ष्म योजनाको अभिमुखीकरण र योजना बनाइएको छ।

२०८१ फाल्गुन ११ गते प्रदेश पूर्णखोप समन्वय समितिको बैठक

वांकी ५ पेजमा...


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

**सडक डिभिजन कार्यालय**
**विराटनगर, कोशी प्रदेश**

## परीक्षामा...

बढेको छ। यसले हाम्रो संरचनात्मक व्यवस्थामाथि नै प्रश्न उठाएको छ।

आर्थिक वर्ष २०७३/७४ मा नेपालको सार्वजनिक ऋण ६ खर्ब ९७ अर्ब ६८ करोड बराबर रहेको थियोरु। २०७४/७५ मा यो ऋण बढेर ९ खर्ब १७ अर्ब हुन पुग्योरु। यस्तै, सार्वजनिक ऋण २०७५/७६ मा १० खर्ब ४८ अर्ब, २०७६/७७ मा १४ खर्ब ३३ अर्ब, २०७७/७८ मा १७ खर्ब ३७ अर्ब, २०७८/७९ मा २० खर्ब १३ अर्ब र २०७९/८० मा २२ खर्ब ९५ अर्ब रुपैयाँ बराबर पुगेको छ।

हरेक वर्ष ऋण बढेसँगै तिर्नुपर्ने सावाँ र ब्याज पनि बढ्दै गएको सरकारी तथ्यांकले बताउँछ। यस्तो अवस्थामा संविधान संशोधन मार्फत चालु खर्च घटाउन आवश्यक देखिन्छ। यसको लागि तलको विषयमा प्रष्ट हुन जरूरी छ-

हाल रहेका ७५३ वटा स्थानीय तहको संख्यालाई कार्यदल नै बनाएर संरचनागत रूपमा नै घटाउनुपर्ने देखिन्छ। बरु वडाको संख्यालाई आवश्यकताको आधारमा बढाउन सकिन्छ।

- हाल प्रतिनिधि सभामा रहेको २७५ (प्रत्यक्षतर्फको १६५ सिट संख्या र समानुपातिक रहेको ११०) रहेकोमा दुवैतर्फ प्रतिशतको आधारमा घटाउन सकिन्छ अथवा संविधानले सुनिश्चितता गरेको महिला, दलित, मधेशी लगायत प्रतिनिधित्वको लागि प्रतिनिधि सभा (तल्लो सदन) ले करिब २० प्रतिशत र राष्ट्रिय सभा (उपल्लो सदन) मा १३ प्रतिशतको सुनिश्चितताको आधार तय गर्न सकिन्छ।

- प्रदेश सभामा रहेको समानुपातिक संख्यालाई पूर्ण रूपमा हटाउने साथै प्रदेशमा संख्या नै तोकेर ३-५ मन्त्री मात्रै राख्ने व्यवस्था गर्ने।

- अनावश्यक आर्थिक भार बोक्ने विभिन्न प्रकारका संवैधानिक आयोग तथा निकाय के-कति आवश्यक हो कार्यदल नै गठन गरी संख्या घटाउने।

- सरकारले प्रदान गर्ने सेवा प्रवाहमा सूचनाप्रविधिको प्रयोग मार्फत आर्थिक भार संरचनात्मक रूपमा नै कटौती गर्न सकिन्छ।

संविधान संशोधनको प्रक्रिया र मतसंख्या

संविधानको धारा २७४ मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौम सत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न नसकिने कुरा उल्लेख गरिएको छ। तर, अन्य विषयमा प्रक्रिया पुऱ्याएर संशोधन गर्न सकिने व्यवस्था रहेको छरु। "संविधानको अन्य धाराको अधीनमा रही संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेश गर्न सकिनेछ" संविधानमा उल्लेख छ- "पेश भएको विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्व साधारण जनताको जानकारी का लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ।"

प्रदेश सभाको सहमति आवश्यक नपर्ने वा बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट पारित गर्नुपर्ने कुरा उल्लेख छ।

नेपालको संविधानमा भएको प्रावधान अनुरूप संविधान संशोधन गर्नुपरे प्रतिनिधिसभा र राष्ट्रिय सभामा दुईतिहाइ बहुमत अनिवार्य चाहिन्छ। जस अनुसार प्रतिनिधिसभामा रहेको २७५ बाट कम्तीमा १८४ सांसद संख्या आवश्यक पर्दछ भने राष्ट्रिय सभामा ४० मतरु। प्रतिनिधिसभामा पहिलो ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल एमालेको मत जोड्दा १६७ पुग्छरु। एमाले सांसद टोपबहादुर रायमाझी निलम्बित र सभामुख देवराज घिमिरेले मत बराबरी भएको अवस्थामा मात्र मतदान गर्न पाउने भएकाले दुईतिहाइ पुऱ्याउनको लागि थप १८ सांसदको मत चाहिन्छ।

यस्तै ५९ सदस्यीय राष्ट्रिय सभामा संविधान संशोधनको लागि कम्तीमा ४० मत आवश्यक पर्छरु। राष्ट्रिय सभामा माओवादी ठूलो दलको रूपमा रहेको छ। माओवादी एक्लैका १७ सांसद छन् भने कांग्रेसका १६ र एमालेका १० सांसद छन्रु। दुईतिहाइ पुऱ्याउनको लागि नेपाली कांग्रेस र नेकपा एमालेलाई थप १४ सांसदको मत चाहिन्छ।

राष्ट्रिय सभामा एकीकृत समाजवादीका ८, जसपा नेपालका ३, लोसपाका १, जनमोर्चाका १ र ३ मनोनीत सांसद रहेका छन। यसरी प्रतिनिधि सभामा सरकारमा सहभागी हुने अन्य दलको आधारमा संविधान संशोधन सहज देखिए तापनि राष्ट्रिय सभामा माओवादी बाहेक अन्य सबै दलको मत आवश्यक पर्दछ। अत: संविधान संशोधनको लागि सर्वदलीय सरकार नै उत्तम विकल्प हो।

नयाँ बन्ने सरकारले विगतमा सरकार सञ्चालनमा भए गरेका कमि-कमजोरी र संविधानमाथि गरिएको प्रहारको समेत आत्मालोचना गर्न आवश्यक छ। आत्मा लोचनाका साथ यो गठबन्धन लाई सर्वदलीय सरकारको रूपमा परिणत गर्दै देश विकास र नागरिकको जीवनस्तरलाई केन्द्रमा राखियो भने मात्र ठूला दलप्रतिको नागरिकको वितृष्णा पखाल्ने अवसर हुनेछ।

त्यसो गर्न सकियो भने मात्र भोलिको दिनमा कम्तीमा पनि एक दशक यो गठबन्धनलाई सरकार चलाउने जिम्मा आम नागरिकले दिनेछन् भन्नेमा दुईमत छैन। होइन, यो गठबन्धन पनि सत्ता, शक्ति र प्रतिशोधको राजनीतिमा मात्र केन्द्रित रह्यो भने ग्रहण लागेको राजनीतिको कालखण्डको रूपमा परिणत हुनेछ साथै व्यवस्थामाथि नै गम्भीर प्रश्न खडा हुनेछ।(डा. पौडेल नेपाली कांग्रेसका युवा नेता हुन्।) अनलाइन खबरबाट।




## कोशी...

बसी समिक्षा गरी यसै आ.व.मा प्रदेश लाई पूर्णखोप घोषणा गर्ने योजना र निर्णय भएको थियो।

सबै वडा / पालिका हरुमा वैशाख सम्ममा घरधुरी सम्पन्न भै छुट खोप दिने कार्य भएको। पाँचथर जिल्लाले चैत्रमा नै पूर्णखोप जिल्ला सुनिश्चित गरेको र अन्य जिल्लाले क्रमश: सुनिश्चित गर्दै प्रतिवेदन प्राप्त भएपछि २०८१ असार २५ गते सम्ममा सबै जिल्लाहरुको भेरिफिकेसन गरी अनुमति प्रदान गरिएको थियो।

२०८१ असार २६ गते प्रदेश खोप समन्वय समिति र सरोकारवालाहरुको बैठक बसी प्रतिवेदनको अनुमोदन गरी २०८१/०३/३० गते प्रदेश पूर्णखोप घोषणा गर्ने निर्णय गरिया। पूर्णखोप सुनिश्चितता कार्यक्रमको औचित्य र उपलब्धि।०-१५ महिना सम्ममा वालवालिकाले सबै खोप प्राप्त गर्नु पर्दछ १५ महिनामा पाउने अन्तिम् खोप प्राप्त गर्यो कि गरेन् साथै कोहि बालबालिका खोपबाट बन्चित (शुन्य खोप) भए नभएको यकिन गर्न खोज र खोपको नीति अनुरुप वार्षिक घरधुरी सर्वेक्षण गरी १६-५९ महिनाको बच्चाको खोपको विश्लेषण गरिन्छ यो आ.व.मा गत वर्षको बच्चाहरुको खोप भेरिफिकेसन गरिन्छ, किन कि १५ महिनासम्म बच्चाले खोप पाउने तालिका हो। गत बर्षको २०७९/८० तथ्यांक विश्लेषण गर्दा ०-११ महिना सम्मको लक्षित संख्या ८३७५५ जना थियो गत आ.व. को खोपको प्रगतिाद्यऋन पहिलो खोप लगाउने संख्या ८१,२९०सो पछी एभलतब पहिलो मात्रा लगाएको संख्या ७९,४८२ जना। ९ महिनामा लगाउनु पर्ने दादुरा रुबेला पहिलो मात्रा लगाएको संख्या ७७१३० जना। १५ महिनामा अन्तिम खोप दादुरा रुबेला दोश्रो मात्रा लगाएको संख्या ७३३६५ जना थियो।यसरि यो आ.व. मा ०-१५ महिना भित्रका ८०९०३ जना बच्चा र १६-५९ महिनाका १९२२५३ जना गरि कुल २८३१८३ जना बच्चा खोजि खोप विश्लेषण अनुगमन गरिएको छ। सो मध्येकुनै पनि खोप शुरु नगरेको १९५ जनाखोप शुरु गरेर पुरा नगरेको मचयउ यगत संख्या ५०५१ जना खोप छुट बच्चालाई खोजेर खोप पूरा गरिएको छ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, अन्तर्गतका स्वास्थ्यकर्मीहरु, सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाज्यूहरु, राजनैतिक दल, साजेदारी संस्था, संचारकर्मी र अन्य सरोकारवाला हरुको समेत सहयोगमा यो वर्ष प्रदेश पूर्णखोप सुनिश्चित गर्न सकिएको व्यहोरा सादर अनुरोध गर्दै यो महान कार्यमा संलग्न र सहयोग गर्नु हुने सबैमा हार्दिक आभार र धन्यबाद दिन चाहन्छु।

बच्चा निरन्तर जन्मी रहने र पूर्णखोप पनि निरन्तर गरि रहनु पर्दछ। बिगत देखिनै खोप वाट वन्चित हुने समुदाय, वर्ग र क्षेत्रका बालबालिकाहरु लाई खोप पूरा गराउने कार्य स्वास्थ्य क्षेत्रको प्रयास वाटमात्र सम्भव नहुने कुरा जाहेर गर्दै बालबालिकालाई तोकिएको तालिका अनुसार खोप पूरा गराई स्वास्थ्य रक्षा गर्ने कार्यमा सबै सरोकारवालाहरुको निरन्तर सह लागि समेत अपिल गर्दछु। विशेष गरी स्थानीय तहहरुवाट आफ्नो वार्षिक कार्यक्रममा नियमित खोप कार्यक्रमको सुदृढीकरण र पूर्णखोप सुनिश्चितता कार्यक्रम समावेश गरी प्रभावकारी व्यवस्थापन तथा संचालन गर्न, खोप कोल्डचेन व्यवस्थापन र गुणस्तरीय खोप सेवाको यकिन गर्न प्रदेश तहबाट समेत नीति योजना बनाई सहजीकरण, समन्वयमा तिव्रता दिनु पर्ने आवश्यकता रहेको व्यहोरा अनुरोध गर्दछु।

अन्तमा अथक प्रयासबाट यो आ.व. मा निर्देशिका बमोजिम सबै प्रक्रिया पूरा गरी सबै पालिका, जिल्ला पूर्णखोप सुनिस्चित भई सकेकोले आज यो गरिमामय सभाबाट कोशी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा यो प्रदेशलाई पूर्णखोप सुनिश्चित प्रदेश घोषणा हुन गैरहेकोमा अत्यन्त खुशी व्यक्त गर्दै यो कार्य लाई निरन्तरता दिने कार्यमा सबैबाट सहयोगको अपेक्षा गर्दछु, पूर्णखोप प्रदेश घोषणा गर्ने यो क्षण अवसरमा आईपुग्न सहयोग पुर्याउनु हुने सबै लाई प्रदेश खोप समन्वय समिति सदस्य सचिव ज्ञान बहादुर बस्नेत बताए।पूर्ण खोप सुनिश्चितता घोषण सभा अध्यक्ष प्रदेश खोप समन्वय समिति सचिव डा. सुधा काकीको अध्यक्षता पूर्ण खोप कार्यक्रम समापन गरिएको थियो।

पूर्ण खोप सुनिश्चितता घोषण सभा अध्यक्ष प्रदेश खोप समन्वय समिति सचिव डा. राधा थपलिया अध्यक्षतामा पूर्ण खोप कार्यक्रम समापन गरिएको थियो।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**